म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २१९ बिहीबार, १२ चैत २०८२ ने. सं. ११४६ चौलाथ्व 26 March 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
## राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**पानीका स्रोतको संरक्षण गरौं, जैविक विविधता जोगाऔं।**

- खानेपानीका स्रोतको संरक्षण गरौं,
- पानीको दुरुपयोग रोकौं र आवश्यक मात्र प्रयोग गरौं,
- धारा खुला छोड्ने वानी त्यागौं,
- उच्च पहाडी तथा हिमाली क्षेत्रमा वर्षाको पानी संकलन गर्ने गरौं,
- नदी, ताल, पोखरीको संरक्षण गरौं,
- प्लास्टिकजन्य पदार्थको प्रयोग घटाऔं,
- जलाधार संरक्षणका लागि वृक्षारोपण गरौं,
- पानीजन्य रोगवाट वच्न सरसफाइमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### प्रतिनिधिसभाका ज्येष्ठ सदस्यले लिए शपथ

# प्रतिनिधिसभा सदस्यलाई शपथ गराउन बहुउद्देश्यीय हल तयार

साझाकुरा संवाददाता

हेटौंडा, ११ चैत/ प्रतिनिधिसभाका ज्येष्ठसदस्य अर्जुन नरसिंह केसीले पद तथा गोपनीयताको शपथग्रहण गरेका छन् ।

राष्ट्रपति रामचन्द्र पौडेलले शीतलनिवासमा आयोजित एक समारोहबीच उनलाई पद तथा गोपनीयताको शपथ खुवाएका हुन् । शपथग्रहण समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल, मन्त्रीहरु, सांसदहरुलगायत नेपालका सरकारका विशिष्ट तहका कर्मचारीको सहभागिता रहेको थियो । फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा नेपाली काँग्रेसकातर्फबाट समानुपातिक निर्वाचन प्रणालीबाट केसी निर्वाचित भएका थिए । उनी ७८ वर्षका छन् ।



राष्ट्रपति पौडेलबाट शपथ लिएका केसीले ज्येष्ठसदस्यको हैसियतले आज बिहीबार प्रतिनिधि सभाका सदस्यहरुलाई शपथग्रहण गराउने कार्यक्रम तय भएको छ । सभामुख निर्वाचित नभएसम्म प्रतिनिधिसभामा ज्येष्ठसदस्यले नै बैठकको अध्यक्षता गर्ने प्रावधान छ । प्रतिनिधिसभामा प्रत्यक्षतर्फ १ सय ६५ र समानुपातिकतर्फ १ सय १० जना गरी जम्मा २ सय ७५ जना सांसदहरु निर्वाचित भएका हुन् ।

**प्रतिनिधिसभा सदस्यलाई शपथ गराउन बहुउद्देश्यीय हल तयार**

संसद सचिवालयले आज बिहीबार नवनिर्वाचित प्रतिनिधिसभा सदस्यहरुको शपथग्रहणको लागि हल व्यवस्थापनको भौतिककार्य सम्पन्न गरेको छ । प्रतिनिधिसभाको सभाकक्ष समयमै निर्माण सम्पन्न हुन नसकेपछि बहुउद्देश्यीय हललाई नै अस्थायी संसदको बैठक सञ्चालनका लागि तयार गरिएको सचिवालयका सहसचिव तथा प्रवक्ता एकराम गिरीले जानकारी दिएका छन् । उनका अनुसार अधिकांश भौतिक पूर्वाधारका काम सकिएको र केही प्राविधिकपक्ष अझै बाँकी रहेको छ । सभाकक्षका सिटमा माइक्रोफोन जडानका काम भइरहेको र बुधवारसम्म पूराहुने उनको भनाइ छ । दुईवटा सिटमा एउटा माईक्रोफोनको व्यवस्था गरिएको छ ।

उनले अन्य सुरक्षा व्यवस्थापनका कामहरु भने भइसकेको जानकारी दिए । उनले शपथ कार्यक्रम हुनुभन्दा केही घण्टा अघिसम्म व्यवस्थापनको कार्यहरु जारी रहने बताएका छन् । प्रवक्ता गिरीले हाल तयार गरिएको हलको सेटअप पूर्णरुपमा आपतकालीन प्रकृतिको भएको बताए । उनले कार्यव्यवस्था महाशाखा बहुउद्देश्यीय हलको पछाडि रहेको सानो कोठाबाट सञ्चालन हुने जानकारी दिए । कार्यपरामर्श व्यवस्थापन समितिको हल पनि बहुउद्देश्यीय हलकै परिसरमा रहेको हलमा तयार पारिँदैछ ।

सभामुखका लागि हल पछाडितर्फ छुट्टै कोठा व्यवस्थापन गरिएको उनले बताए । हलको करिडोर र प्यासेजमा समेत अतिरिक्त बस्ने व्यवस्था मिलाउन लागिएको छ । उनले यहाँ व्यवस्थित सेवा उपलब्ध नरहेको स्पष्ट पारेका छन् । यसपटक २४ जना प्रतिनिधिसभा सदस्यले मातृभाषामा शपथ लिँदैछन् । शपथपछिको अतिरिक्त समयमा हललाई थप व्यवस्थित बनाउने योजना रहेको उनले बताए । स्थायी सभाकक्ष तयार नभएसम्म प्रतिनिधि सभाका बैठक यही बहुउद्देश्यीय हलबाट सञ्चालन हुनेछन् ।

संसद सभाकक्षको निर्माणकार्य जारी रहेपनि कहिलेसम्म तयार हुन्छ भन्नेबारे यकिन नभएको प्रवक्ता गिरीले बताए । प्रतिनिधि सभाको पहिलो अधिवेशन नै बहुउद्देश्यीय हलबाट हुने अवस्था रहेको संसद सचिवालयको भनाइ छ । सीमित स्थानका कारण संसदको सभाकक्ष साँघुरो रहेको संसद सचिवालय बताउँछ । संसदको वेल सानो बनाइएको छ भने रोष्टम, सभामुखको कुर्सी र सचिवालय बस्ने स्थान समेत साना र न्युनतम मापदण्डमा सीमित गरिएको छ । नयाँ संसद नबनेसम्म यसैमा कार्यसम्पादन गर्नुपर्ने बाध्याता रहेको उनले बताए ।

संसद सचिवालयले सरकारलाई संसद भवन निर्माण समयमै गर्नको लागि पटकपटक ताकेता गर्दापनि चासो नदेखाएको उनको भनाई छ । उनले सरकारलाई निर्माणाधीन १२ वटै भवन यथाशीघ्र सम्पन्न गरी उपलब्ध गराउन आग्रह गरे । भदौ २३ र २४ गतेको जेनजी आन्दोलनमा आगजनी र तोडफोड हुँदा बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र बैठक सञ्चालनका लागि उपयुक्त छैन । सरकारले चैतको पहिलो साताभित्र सभाकक्ष उपलब्ध गराउने प्रतिवद्धता जनाए पनि सम्भव नभएपछि सचिवालयले बहुउद्देश्यीय हलमै संसद सञ्चालन गर्न बाध्य भएको प्रवक्ता गिरीले जानकारी दिए ।

सिंहदरबार परिसरको १ सय ५६ रोपनी क्षेत्रफलमा संसद भवन निर्माण भइरहेको छ । २०७९ असोज १६ गते भित्र निर्माण गरिसक्ने गरी २०७६ असोज १६ मा ५ अर्ब ६७ करोड २७ लाख रुपैयाँमा तुन्दी-सेक जेभीले ठेक्का लिएको थियो । तर, २०८२ फागुनसम्म आइसक्दा पनि भवन निर्माण सम्पन्न हुन सकेको छैन । संसद भवन निर्माणको लागि पाँचौपटक थपिएको म्याद पनि सकिइसकेको छ । संसद भवनको 'रुफिङ' को लागि छुट्टै चेनलिंक इन्जिनियरिङ कम्पनीले २०८० फागुन २७ गते ३ करोड ७९ लाख रुपैयाँमा ठेक्का लिएको थियो । यस्तै 'इन्टेरियर' को जिम्मा केसी-श्यामसुन्दर-बानियाँ जेभीले २ अर्ब ३४ करोड ५४ लाख रुपैयाँमा लिएको थियो । यी सबैको ठेक्का सम्झौता सकिएको भएपनि काम पूरा हुन सकेको छैन ।

### भुटनदेवी माध्यमिक विद्यालयमा शैक्षिक अन्तरक्रिया

# सुधारका लागि साझा प्रतिबद्धता



साझाकुरा संवाददाता

हेटौंडा, ११ चैत/हेटौंडा उपमहानगरपालिकाअन्तर्गत रहेको भुटनदेवी माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय) को आयोजनामा तथा शिक्षा विकास महाशाखा, हेटौंडा उपमहानगरपालिकाको समन्वयमा विशेष शैक्षिक अन्तरक्रिया सम्पन्न भएको छ ।

शिक्षा सुधारका विविध विषयमा चरणबद्धरुपमा गहन छलफल गरिएको थियो । कार्यक्रममा विद्यार्थीको भविष्य शिक्षक, अभिभावक तथा स्थानीय सरकारको हातमा रहेको उल्लेख गर्दै यी सबै पक्ष गुणस्तरीय शिक्षाका लागि जिम्मेवार बन्नुपर्नेमा जोड दिइएको थियो । कार्यक्रममा सहभागी शिक्षकले विद्यालय सुधारमा विद्यालय प्रशासनको ठूलो जिम्मेवारी हुने औंल्याउँदै त्यसलाई सुधार गर्नुपर्ने निष्कर्ष निकालेका थिए । छलफलमा शिक्षकले चाहना र प्रतिबद्धता देखाएमा छिट्टै शैक्षिक सुधार सम्भव हुने तथा गुणस्तरीय शिक्षातर्फ विद्यालय अघि बढ्न सक्ने धारणा राखेका छन् ।

हरेक विद्यालयले चैत महिनाको अन्त्यमा मात्र समीक्षा नगरी वैशाखदेखि सुरुहुने नयाँ शैक्षिक सत्रलाई केन्द्रमा राख्दै वार्षिक कार्ययोजना निर्माण गरी अघि बढ्नुपर्ने सुझाव प्रस्तुत गरिएको थियो । विद्यार्थी संख्या वृद्धि गर्न शिक्षकको भूमिका महत्वपूर्ण हुने उल्लेख गर्दै शिक्षकलाई आलोचना होइन, माया र सम्मान दिएर मात्र विद्यालय सुधार सम्भव हुने धारणा व्यक्त गरिएको थियो । अभिभावकले मानेका शिक्षकलाई विद्यार्थीले पनि सम्मान गर्ने भएकाले अनुशासन र शिक्षामा शिक्षकको भूमिका निर्णायक हुने बताइएको थियो । विद्यालय सुधारका लागि प्रधानाध्यापकको दृढ अठोट, स्पष्ट दृष्टिकोण र निर्णय क्षमता अनिवार्य हुनेमा जोड दिइएको थियो ।

यदि प्रधानाध्यापकमा दृढ अठोट, निर्णय क्षमता र गोपनीयता जस्ता गुणको अभाव भए विद्यालय र समग्र शिक्षा प्रणाली सुधार हुन नसक्ने धारणा सहभागीले व्यक्त गरे । कार्यक्रम हेटौंडा उपमहानगर पालिका वडा नम्बर ४ का वडाअध्यक्ष नवीन सिग्देलको सभाध्यक्षतामा भएको थियो भने हेटौंडा उपमहानगर पालिका वडा नम्बर ११ की वडाअध्यक्ष जुना दाहाल, नगर शिक्षा प्रमुख हरिचन्द्र सापकोटालगायतको आतिथ्यता रहेको थियो । कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाभित्रका निजी तथा सामुदायिक विद्यालयका प्रधानाध्यापकको उल्लेखनीय उपस्थिति रहेको थियो । अन्तर क्रियालाई शैक्षिक उत्प्रेरक अभिषेक घिमिरे तथा सहजकर्ता सागर बोहराले सहजीकरण गरेका थिए ।

कार्यक्रममा सहभागी शिक्षकले शिक्षा सुधारका लागि आवश्यक दरबन्दी, शैक्षिक सामग्रीको अभाव तथा शिक्षा ऐन-नियममा संशोधन आवश्यक रहेको उल्लेख गर्दै यी पक्षमा सुधार भए सामुदायिक विद्यालयको शिक्षाको गुणस्तर उल्लेखनीयरुपमा बढ्ने विश्वास व्यक्त गरेका थिए ।

# हेटौंडाको पाथीभरा मन्दिर बेहुलीझैं सिँगारियो



साझाकुरा संवाददाता

हेटौंडा, ११ चैत/हेटौंडा उपमहानगरपालिका-१ भैरबडाँडामा रहेको चर्चित धार्मिक तथा पर्यटकीय स्थल पाथीभरा मन्दिर बेहुलीझैं सिंगारिएको छ ।

आज बिहीबार हुने नवरात्रको अवसरमा महाअष्ठमी पूजाको लागि पाथीभरा मन्दिर बेहुलीझैं सिंगारिएको हो । पाथीभरा मन्दिर संरक्षण समितिले हरेकवर्ष आयोजना गर्ने पाथीभरा महोत्सवको मुख्य आकर्षकको रुपमा महाअष्ठमी पूजाको तयारी पूरा गरेको छ । विशेषत: चैत्र १२ गते बिहान ७:०० बजेबाट सुरुहुने मुख्य पूजामा विभिन्न झाँकी बाजागाजा, नेपाली सेना तथा नेपाल प्रहरीको सलामीसहितको विशेष कार्यक्रम तय गरिएको मन्दिर संरक्षण समितिका अध्यक्ष केशवप्रसाद देवकोटाले जानकारी दिए ।

१९ औंपाथीभरा महोत्सवको तयारी गरिरहेको मन्दिर संरक्षण समितिले यसवर्ष माताको धाममा आकाशबाट पुष्पवृष्टी गर्ने तयारी गरेको अध्यक्ष देवकोटाले जानकारी दिए । यस्तै सहश्रचण्डी महायज्ञको समापन आउँदो आइतबार हुने मन्दिर संरक्षण समितिले जनाएको छ ।

बागमती प्रदेशको राजधानी हेटौंडामा रहेको पाथीभरा देवीको दर्शन गर्नाले आँटेका र चिताएका सबै मनोकामना पूरा हुने विश्वासका साथ आन्तरिक तथा बाह्य भक्तजन पूजापाठ गर्न घुइँचो लाग्ने गर्दछ । ताप्लेजुङस्थित पाथीभरा माताको मन्दिरमा सबैजना पुग्न असम्भव रहेकाले ताप्लेजुङ पुग्न नसक्ने भक्तजनले यहींको मन्दिरमा दर्शन गर्दा मनोकामना पूराहुने धार्मिक विश्वास रहेको छ ।

# पेट्रोलियम पदार्थको मूल्य फेरि बढ्यो

साझाकुरा संवाददाता

हेटौंडा, ११ चैत/नेपाल आयल निगमले पेट्रोलियमपदार्थमा भारी मूल्यवृद्धि गरेको छ । निगमले बुधबार साँझ पेट्रोल, डिजेल र मट्टीतेलमा १५/१५ रुपैयाँ मूल्यवृद्धि गरेको सूचनामार्फत् जानकारी दिएको हो ।




मूल्यवृद्धिपछि पेट्रोलको मूल्य पहिलो वर्गका लागि प्रतिलिटर १६९ रुपैयाँ ५० पैसाबाट बढेर १८४ रुपैयाँ पुग्दा दोस्रो वर्गका लागि १८६ रुपैयाँ र तेस्रो वर्गका लागि १८७ रुपैयाँ पुगेको छ । एकसाताको बीचमा दुईपटक मूल्यबृद्धि भएको छ । नयाँ मूल्यसूचीअनुसार डिजेल/मट्टीतेलको मूल्य पहिलो वर्गका लागि १४९ रुपैयाँ ५० पैसाबाट बढेर १६४ रुपैयाँ ५० पैसा पुग्दा दोस्रो वर्गका लागि १६६ रुपैयाँ र तेस्रो वर्गका लागि १६७ रुपैयाँ प्रतिलिटर पुगेको छ ।

आयल निगमले पहिलो वर्गमा चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलवारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज निर्धारण गरेको छ भने दोस्रो वर्गमा सुर्खेत र दाङ तथा तेस्रो वर्गमा काठमाडौं, पोखरा र दिपायल निर्धारण गरेको छ ।






साझाकुरा

## हाम्रो कुरा

# सामुदायिक वनमा वनहेरालु परिचालन

नेपालको सामुदायिक वन व्यवस्थापन विश्वमै उदाहरणीय अभ्यासकारुपमा चिनिएको छ । स्थानीय समुदायको प्रत्यक्ष सहभागितामा वन संरक्षण, उपयोग र व्यवस्थापन गर्ने यो मोडेलले वनविनाश रोक्न, जैविकविविधता जोगाउन र ग्रामीण जीविकोपार्जनमा टेवा पुऱ्याएको छ । यिनै उपलब्धिलाई अझ संस्थागत र दिगो बनाउन प्रत्येक सामुदायिक वनमा २ जना वनहेरालु परिचालन गर्ने मकवानपुरले नीति अघि सारेको छ । यो नीति सकारात्मक उद्देश्य बोकेको भएपनि यसको कार्यान्वयन, प्रभावकारिता र दीर्घकालीन असरबारे गम्भीर बहस आवश्यक छ । वनहेरालु परिचालनको मुख्य उद्देश्य वन अतिक्रमण, अवैधकटानी, चोरी-सिकार र डढेलो नियन्त्रण गर्नु हो । धेरै सामुदायिक वन भौगोलिकरुपमा फैलिएका, दुर्गम र संवेदनशील छन् । त्यस्ता वनक्षेत्रमा नियमित निगरानीको अभाव हुँदा गैरकानुनी गतिविधि बढ्ने सम्भावना रहन्छ नै । प्रत्येक वनमा दुईजना वनहेरालु खटाइएमा निगरानी प्रणाली बलियो बन्ने, तत्काल सूचना आदान-प्रदान हुने र समुदायमा वनप्रतिको उत्तरदायित्व बढ्ने अपेक्षा भने गर्न सकिन्छ । रोजगारी सिर्जनाको दृष्टिले यो नीति स्वागतयोग्य छ, विशेषगरी ग्रामीण युवाका लागि ।

तर, नीति राम्रो भएपनि व्यवहारिक चुनौती कम छैनन् । पहिलो प्रश्न त आर्थिक नै हो । देशभर हजारौं सामुदायिक वन छन्, ती सबैमा दुई-दुई जना वनहेरालु राख्दा तलब, तालिम, उपकरण र बीमाजस्ता खर्च उल्लेख्यरुपमा बढ्छन् । यो खर्च कसले व्यहोर्ने ? सरकार, सामुदायिक वनउपभोक्ता समूह, कि दुवैको साझेदारी ? यदि स्पष्ट वित्तीय मोडेल तय नगरिए नीति कागजमै सीमित हुन पनि सक्छ । दोस्रो चुनौती क्षमता र समन्वयको हो । वनहेरालु केवल पहरेदार मात्र होइनन् । उनीहरुलाई वनऐन-नियम, सामुदायिक संरचना, द्वन्द्व व्यवस्थापन र वातावरणीय संवेदनशीलताबारे ज्ञान हुनुपर्छ । आवश्यक तालिम नदिई परिचालन गरिएमा उनीहरु प्रभावकारी हुन सक्दैनन् । वनहेरालु, सामुदायिक वन उपभोक्ता समिति र सरकारी निकायबीचको भूमिका स्पष्ट नहुँदा अधिकार र जिम्मेवारीको द्वन्द्व उत्पन्न हुनसक्छ । तेस्रो, सामुदायिक स्वायत्तताको प्रश्न उठ्छ । सामुदायिक वनको मूलआत्मा भनेकै स्थानीय समुदायको स्वशासन हो । बाह्य संरचनाबाट अनिवार्यरुपमा वनहेरालु थोपरिँदा समुदायको स्वामित्व भावना कमजोर हुने जोखिम पनि छ । त्यसैले वनहेरालु छनोट, मूल्यांकन र निगरानीमा उपभोक्ता समूहको निर्णायक भूमिका सुनिश्चित गर्नुपर्छ । प्रत्येक सामुदायिक वनमा दुईजना वनहेरालु परिचालन गर्ने नीति सिद्धान्ततः सकारात्मक र समयानुकूल नै छ । तर, यसको सफलताका लागि दिगो वित्तीय व्यवस्था, गुणस्तरीय तालिम, स्पष्ट कार्यविभाजन र सामुदायिक स्वायत्तताको सम्मान अनिवार्य छ । नीति निर्माणभन्दा पनि कार्यान्वयनमा संवेदनशीलता र व्यावहारिकता देखाउन सकेमात्र यो पहलले नेपालको सामुदायिक वन व्यवस्थापनलाई थप उचाइमा पुऱ्याउन सक्छ ।

मकवानपुरमा वन डढेलोको घटना यसवर्ष उल्लेखनीयरुपमा घटेको देखिएको छ । २०८१ फागुनदेखि २०८२ जेठसम्म ५ सय ७४ दशमलव २५ हेक्टर वनक्षेत्र डढेलोबाट प्रभावित भएको थियो । यो अवधिमा डढेलोका कारण १ सय २ वटा रुख, १ हजार एक सय ३७ खम्बा, १० हजार दुई सय ९९ लाथ्रा तथा १ लाख ३५ हजार ६२ वटा बिरुवामा क्षति पुगेको तथ्यांक मंगलबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको छ । यस आर्थिक वर्षको चैत महिनामा मात्रै वन डढेलो लागेको थियो । चैत्र महिनामा ५ हेक्टर क्षेत्रफलमा डढेलो लागेको वन कार्यालयले जनाएको छ । मकवानपुर जिल्ला देशका ७७ जिल्लामध्ये वन डढेलोको उच्चजोखिममा पर्ने १८ औं स्थानमा रहेको बताइएको छ । डिभिजन वन कार्यालयमार्फत् १० वटा र सामुदायिक वन उपभोक्ता समितिमार्फत् ५ वटा गरी १५ वटा पात फुक्ने मेसिन प्रयोगमा ल्याई सुकेका पात व्यवस्थापन गरिएको छ । कार्यालयकाअनुसार डढेलोको सूचना प्राप्त भएको १०-१५ मिनेटभित्रै परिचालन हुने अग्निनियन्त्रण टोली तयारी अवस्थामा राखिएको छ भने सम्बन्धित निकायको समन्वयमा २ देखि ३ घण्टाभित्र डढेलो नियन्त्रणमा लिने प्रयास भइरहेको बताइएको छ । २०८२ फागुनदेखि २०८३ जेठसम्म प्रत्येक सामुदायिक वनमा कम्तिमा २ जना वनहेरालु परिचालन गरिएको छ । संघीय वन तथा वातावरण मन्त्रालयले डढेलो नियन्त्रणमा खटिने जनशक्तिका लागि ५ लाख रुपैयाँको सामूहिक दुर्घटना बीमा गरेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ चैत १३ गते शुक्रबार २७ मार्च २०२६ । नवमी, चैत्र कृष्णपक्ष । चौल्लाथ्व ११४६ ने.सं. । सूर्योदय ६:२ सूर्यास्त ६:१८ । रामनवमी (रामजयन्ती) । विश्व हिन्दु महासंघ स्थापना दिवस । आध्यात्मिक पत्रकार समाज स्थापना दिवस । विश्व रंगमञ्च दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : साझेदारी कार्यमा विवाद | तुला | : स्थानान्तरण हुनसक्ने |
| वृष | : दैनिक आयमा कमी | वृश्चिक | : दुस्चिन्ताले पिरोल्ने |
| मिथुन | : मांगलिक कार्य सम्पादन | धनु | : यात्रामा भयले सताउने |
| कर्कट | : कार्यमा बाधा | मकर | : उपचार खर्च वृद्धि हुने |
| सिंह | : आकस्मिक लाभ हुने | कुम्भ | : मानसम्मान मिल्ने |
| कन्या | : अर्थहानि हुने | मीन | : जोस एवम् जांगर बढ्ने |

# एआई युगको नेपाली चुनाव



✍ परितोष घिमिरे

नेपालीमा एउटा प्रसिद्ध उखान छ– 'बोल्नेको पिठो पनि बिक्छ, नबोल्नेको चामल पनि बिक्दैन ।' यसपालिको निर्वाचनले यो उखानलाई नयाँ अर्थमा प्रमाणित गरेको देखिन्छ । धेरै वर्षदेखि जरा गाडेर 'चामल बेच्दै' आएका दलहरूलाई आफूलाई नयाँ र वैकल्पिक राजनीतिक शक्ति भनेर चिनाउने दलहरूले 'पिठो बेचेर' देखाइदिए । तर यसपटक बेच्ने माध्यम भने नेपालको निर्वाचन इतिहासमै नयाँ र रोचक देखियो ।

यसपालिको चुनावमा सभा, सम्मेलन, भेला, गोष्ठी जस्ता परम्परागत चुनावी कार्यक्रम अपेक्षाकृत पातला देखिए । यसको सट्टा मतदाता र उम्मेदवारहरूको बाक्लो उपस्थिति साइबर स्पेसमा देखियो । अझै पनि मतदानका लागि उही पुरानो मतपत्र र मतपेटिकामै निर्भर र हनुपरे पनि निर्वाचन प्रचार-प्रसारका लागि प्रयोग भएको प्रविधिमैत्री माध्यम भने विश्वस्तरकै देखियो । आलोचकहरूले यसपटकको चुनावी प्रचारलाई मतदाताको विवेकलाई 'साइबर अरेष्ट' गरिएको वा 'एल्गोरिदम मिसयुज' को कारण मतदाताले सबै दलका प्रचार सामग्रीमा समान पहुँच नपाएको भन्दै आलोचना गरेका छन् । कतिपय राजनीतिक दलहरूले त साइबर स्पेसमा आफ्ना प्रचार सामग्री पनि बराबर देखिनुपर्ने भन्दै अधिकारको दाबी समेत गरेका छन् ।

सबै दलहरूले प्रविधिमैत्री उपस्थितिको आवश्यकता स्वीकार्दै त्यही माध्यमबाट प्रचार-प्रसारका लागि उत्तिकै दौडधूप गरिरहेका देखिए । तर एउटा दलले अर्को दलले प्रयोग गरेको प्रविधि वा डिजिटल रणनीतिलाई एक्जिङ रेगुलेशनको उल्लैन भएको भन्दै औपचारिक उजुरी दिएर कानूनी प्रक्रियामा गएको तथ्य भने सार्वजनिक रूपमा देखिएन । यसले एउटा गम्भीर प्रश्न उठाउँछ, के दलहरूलाई यस्तो कानूनी कारबाही सम्भव छ भन्ने जानकारी छैन, वा आफ्नो हक संरक्षणका लागि बनेका कानूनप्रति विश्वास कम छ वा नेपालमा त्यस्तो कुनै कानून नै बनेको छैन ?

जे होस्, यस निर्वाचनले कम्तीमा पनि प्रविधिमैत्री राजनीतिक उपस्थितिको आवश्यकता, नियमनकारी प्रावधान र संस्थागत तयारीबारे बहस शुरु गराएको छ, जुन सकारात्मक पक्ष हो । तर एउटा सजिलो आरोप भने सबै दलहरूले एकअर्कामाथि लगाउन कुनै हिच्किचाहट देखाएनन्, त्यो हो एआईको दुरुपयोग ।

यसपटकको चुनावमा साँच्चिकै एआईको दुरुपयोग भयो वा केवल रणनीतिक राजनीतिक विज्ञापन (पोलिटिकल एड्भर्टाइजिङ) मात्र भयो भन्ने निष्कर्ष निकाल्न सजिलो छैन । यसको मुख्य कारण भने एआईको प्रयोगलाई कसरी नियमन गर्ने भन्ने विषयमा विश्वभर नै अन्योल कायम रहनु हो । तीव्र गतिमा हरेक क्षेत्रमा फैलिँदै गएको प्रविधिको प्रयोगका सकारात्मक पक्षहरू नकार्न सकिँदैन, तर यसलाई पूर्ण रूपमा जोखिमरहित मान्न पनि सकिँदैन । निर्वाचनको सन्दर्भमा त यो प्रविधि कतिपय अवस्थामा 'ब्रह्मास्त्र' जस्तै बन्न पुगेको छ ।

निर्वाचन प्रक्रियामा एआईको प्रयोग विभिन्न रूपमा भइरहेको पाइन्छ । उदाहरणका लागि, मतदाता नामावली व्यवस्थापन, हस्ताक्षर प्रमाणीकरण तथा अन्य प्रशासनिक कार्यहरूमा यसको प्रयोग बढ्दै गएको छ । यसबाहेक उम्मेदवारहरूले एआईको प्रयोग गरी मौलिक प्रचार सामग्री तयार पार्ने, मतदाताको विवरण विश्लेषण गरी लक्षित समूहसम्म प्रचार पुऱ्याउने, विगतका मतदान प्रवृत्तिको अध्ययन गर्ने तथा निर्वाचन क्षेत्रको गणितीय विश्लेषणका आधारमा रणनीति तयार पार्ने जस्ता कामहरू पनि गर्दै आएका छन् ।

मतदाताहरूले पनि एआईको प्रयोग गरेर विभिन्न दलहरूको नीति, घोषणापत्र र प्रचार सामग्रीबारे जानकारी प्राप्त गर्ने, मतदाता शिक्षा लिने, आफ्ना विचार व्यक्त गर्ने तथा असन्तुष्टि र मागहरू व्यक्त गर्न कस्टोमाइज एआई रेस्पोन्स प्रयोग गरेको देखिन्छ । विश्वभरका देशहरूले निर्वाचन प्रक्रियामा एआई र अन्य डिजिटल स्रोतहरूलाई आत्मसात् गर्दै अघि बढिरहेका छन् । तर सबैको साझा चिन्ता भने उम्मेदवारहरूले यसको सदुपयोग गर्छन् वा दुरुपयोग भन्ने विषयमै केन्द्रित छ । रणनीतिक रूपमा यसको प्रभावकारी प्रयोग गर्न सके यसले चुनावी परिणाममा सकारात्मक प्रभाव पार्न सक्छ भन्ने उदाहरण नेपालमै हालै सम्पन्न निर्वाचनले देखाइसकेको छ । तर त्यसमा कति प्रयोग उचित थियो र कति अनुचित थियो भन्ने विषयमा गम्भीर विश्लेषण हुन आवश्यक छ ।

एआईको प्रयोगसँगै आउने चुनौती पनि कम गम्भीर छैनन् । सन् २०२२ मा मिचिगन ल रिभ्यूमा प्रकाशित 'एल्गोरिदम इलेक्सन्स' शीर्षकको अध्ययनले एआई प्रणाली स्वयंले स्वतन्त्र रूपमा राजनीतिक निर्णय गर्न नसके पनि त्यसलाई डिजाइन गर्ने व्यक्तिहरूको पूर्वाग्रह त्यस्ता प्रणालीहरूमा झल्किन सक्ने उल्लेख गरेको छ । विशेषतः एल्गोरिदमलाई उपलब्ध गराइने डाटाको गुणस्तरले नै अन्तिम नतिजा कस्तो आउँछ भन्ने निर्धारण गर्छ ।

एआई प्रणालीलाई प्रशिक्षण दिने प्रक्रिया अन्ततः मानिसले नै सञ्चालन गर्ने भएकाले मानिसहरूले चयन गरेर प्रदान गरेका डाटाले भेदभावपूर्ण परिणाम उत्पन्न गर्न सक्ने सम्भावना रहन्छ । यसका अतिरिक्त एउटा उद्देश्यका लागि बनाइएका कार्यक्रमहरूलाई अर्को सन्दर्भमा प्रयोग गर्दा उत्पन्न हुने कन्टेक्सचुअल बायस र एआईद्वारा उत्पादित प्रतिक्रियामा अत्यधिक निर्भर हुने प्रवृत्तिबाट सिर्जना हुने एटोमेशन बायसले पनि निर्वाचन प्रक्रियामा प्रभाव पार्न सक्छ ।

त्यसैगरी, संगठित रूपमा सञ्चालन गरिने डिसइन्फर्मेशन क्याम्पेनले सामाजिक सञ्जाल मार्फत झुटा सामग्री फैलाएर मतदाताको मानसिकता प्रभावित गर्न एआईलाई प्रयोग गर्न थालेका छन् । प्रविधि मार्फत मतदान हुने देशहरूमा इलेक्सन ह्याकिङ सम्बन्धी आरोपहरू पनि बढ्दै गएका छन् । हालै भारतमा सम्पन्न निर्वाचनमा समेत यो विषय संसद्सम्म पुगेको थियो । नेपालको सन्दर्भमा अझ अर्को चुनौती पनि छ । यहाँ राजनीतिक प्रणाली धेरै हदसम्म लिखित कानूनभन्दा बढी स्थापित राजनीतिक मान्यताहरू (पोलिटिकल नर्म्स) मा आधारित रहेको पाइन्छ । तर एआईको दुरुपयोगले यस्ता मान्यताहरूलाई पनि कमजोर बनाउने सम्भावना देखिन्छ ।

यी चुनौतीहरूको अतिरिक्त अहिले विश्व राजनीतिमा अर्को गम्भीर बहस शुरु भएको छ । विशेषज्ञहरूले जेनेरेटिभ एआई कन्टेक्सले कतै मतदाता र उम्मेदवार बीच हुने वैचारिक विमर्शलाई सीमित बनाइरहेको त छैन भन्ने प्रश्न उठाएका छन् । लोकतन्त्रमा सत्यतथ्य जानकारी प्राप्त गर्ने, त्यसबारे बहस गर्ने र प्रश्न उठाउने अधिकार सुनिश्चित नभएसम्म मतदानको अधिकारको वास्तविक अभ्यास सम्भव हुँदैन ।

झुटा प्रचारभन्दा पनि अझ विश्वसनीय देखिने एआईद्वारा निर्मित कथा, आवाज, भिडियो वा तस्बिरहरू व्यापक रूपमा फैलिन थालेका छन् । यदि यस्ता सामग्रीहरू यति विश्वसनीय देखिए कि बारम्बार खण्डन गर्दा पनि मतदातालाई झुटा भएको प्रमाणित गर्न कठिन भयो भने त्यसले लोकतान्त्रिक प्रणालीमा कस्तो प्रभाव पार्छ भन्ने विषयमा अहिले विश्वभर गम्भीर छलफल भइरहेको छ । सन् २०२३ मा युरोपियन रिसर्च काउन्सिलमा प्रकाशित 'हाउ टेक्नोलोजी इज रि सेपिङ पोलिटिकल क्याम्पेन्स?' शीर्षकको अध्ययनले यही प्रश्न उठाउँछ । लेखकले एआईद्वारा सिर्जित झुटा सामग्रीलाई खण्डन गर्दा पनि मतदाताले विश्वास गर्न नसक्ने अवस्था आयो भने कमजोर राजनीतिक प्रणाली र नेतृत्वप्रति मतदाताले आफ्नो विश्वास कसरी कायम राख्नेछन् भन्ने प्रश्न पाठकसमक्ष छोडेका छन् ।

प्रविधिको पहुँच तीव्र गतिमा विस्तार भइरहेको तर सोही अनुपातमा सचेतना नबढेको नेपाल जस्तो मुलुकका लागि यस्तो अवस्था झनै चुनौतीपूर्ण हुन सक्छ । यस चुनौतीलाई सामना गर्न नेपाल सरकार, राजनीतिक दलहरू र उम्मेदवारहरूले कस्तो तयारी गर्छन् भन्ने कुरा आगामी सरकार र संसद्मा एआई सम्बन्धी विषयविज्ञ, नीतिविज्ञ तथा कानून निर्माणमा अनुभव भएका व्यक्तित्वहरूको उपस्थितिमा निर्भर रहनेछ । तर एआईको नियमन आफैंमा सरल विषय होइन । यसले विभिन्न संवैधानिक तथा कानूनी प्रश्नहरू पनि उठाउन सक्छ, त्यसैले नियमन अत्यन्त सावधानीका साथ गर्नुपर्ने देखिन्छ ।

आगामी निर्वाचनहरूमा यस्ता प्रविधिको प्रयोग अझ बढ्ने निश्चित छ । त्यसैले अबको चुनावी चुनौती केवल मत जित्ने मात्र होइन, प्रविधिको प्रयोगलाई पारदर्शी, उत्तरदायी र निष्पक्ष बनाउने पनि हुनेछ । अन्यथा लोकतन्त्रको मैदानमा सबैभन्दा शक्तिशाली हतियार मतपत्र होइन, एल्गोरिदम बन्ने जोखिम बढ्दै जानेछ ।

*(स्रोतः अनलाइनखबर)*

# सुन्दर भविष्यको कल्पना र बालेन सरकार

✍ शंकरनाथ काफ्ले

लामो समयसम्म एकै खालको सरकारलाई झेलिरहेको मुलुकले कुनै अन्य अवस्था सृजना भएन भने चैत्र १३ गते बालेन्द्र साहको नेतृत्वमा रास्वपाको चुस्त सरकार पाउनेछ । अबको युग नयाँ पुस्ताको युग हो भन्ने आदर्शलाई स्थापित गर्दै नेपाली जनताले युवालाई मुलुकको नेतृत्व प्रदान गराउने उद्देश्यसहित प्रतिनिधिसभाको निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीलाई लगभग दुई तिहाइ सदस्य निर्वाचित हुने गरेर मतदान गरेका छन् । आफ्नो मत जाहेर गर्दै गर्दा अधिकांशले 'अबकी सरकार बालेन सरकार' भन्ने नारालाई सार्थक बनाउन मतपत्रमा स्वस्तिक छाप लगाएका थिए । पुराना राजनीतिक दलहरुका एकै खाले कुनै पनि दलिलहरुलाई अधिकांश मतदाताले विश्वास गर्न चाहेनन् । अपवादलाई छाडेर पुराना राजनीतिक दलका स्थापित सबै नेतालाई मतदाताले अस्वीकृत गरिदिए ।

विगतमा बालेन साहले विभिन्न बाधा-व्यवधानसँग संघर्ष गरेर स्वतन्त्र मेयरको रुपमा जसरी काठमाडौं महानगरपालिकाको स्वरुप परिवर्तन गराउने प्रयास गरेका थिए, त्योभन्दा तीव्र गतिमा मुलुकको मुहार फेर्नेछन् भन्ने नेपाली मतदाताहरुले विश्वास गरे अर्थात् आफ्नो मतमार्फत दोस्रो राजनीतिक विद्रोह गरे । जेनजीहरुको विद्रोहपछि भएको निर्वाचनले राजनीतिमा धेरै कुराको सन्देश दिन प्रयास गरेको देखिन्छ । प्रथमतः भाद्र २३ र २४ गते जुन जेनजी विद्रोह भएको थियो, त्यसलाई यो निर्वाचनले अनुमोदन गरेको छ । लामो इतिहास बोकेका भनिएका जिम्मेवार पुराना राजनीतिक दलहरुले लोकतन्त्र र प्रजातन्त्रको नाममा जनतामाथि धोखा दिएका थिए भन्ने जेनजी असन्तुष्टिलाई यो निर्वाचनको मत परिणामले पुष्टि गरिदिएको छ ।

आजको वर्तमान नवीन राजनीतिमा कुनै पनि खाले दम्भ, अहंकार, स्वेच्छाचारिता किमार्थ स्वीकार्य हुँदैन भन्ने तथ्यलाई यो निर्वाचनले स्थापित गरिदिएको छ । राजनीतिमा सर्वसत्तावादलाई अब कुनै स्थान छैन भन्ने मात्र होइन, हिजोको दिनमा अन्तिमसम्म त्यस्ता चरित्रलाई साथ दिने र अवस्था परिवर्तन हुनासाथ 'हामी त सच्चियौं है' भन्ने खहरे प्रकृतिको दलिललाई पनि स्वीकारिँदो रहेनछ भन्ने तथ्य पुष्टि भएको छ ।

विगतका सरकारहरुको कारण नेपाली समाज, नेपाली संस्कृति, नेपाली पहिचानमा क्रमशः धमिरो लाग्दै गरेको पक्कै हो । हाम्रा सुन्दर गाउँबस्तीहरु क्रमशः मानवविहीन क्षेत्रमा परिणात हुन थालिरहेको छ । युवाहरु स्वदेशमा साधारण अवसर पनि नदेखेर विदेशी भूमिमा आफ्नो रगत-पसिना बगाउन बाध्य भइरहेका छन् । वृद्ध आमाबुबाहरु सहाराविहीन भएर कष्टकर जीवन बिताउन बाध्य भइरहेका छन् । यस्ता विविध विकराल अवस्थाबाट मुक्ति पाउनको लागि नेपाली जनताले परिवर्तन खोजेका थिए, जसलाई आफ्नो मत परिवर्तनमार्फत सार्थक बनाउने प्रयास गरेका छन् । नेपाली मतदाताले पक्कै अब नयाँ युगको चाहना गरेका छन् । यो युगमा सक्कली सुशासन, दाग नलागेको प्रशासन, जिम्मेवार नेतृत्व, ठोस कार्यनीति, दूरदर्शी रणनीतिसहितको नेतृत्वको आवश्यकता छ भन्ने चाहना रहेको देखिन्छ ।

पुराना राजनीतिक दलहरुमा आफूले खोजेको कुशल नेतृत्व जनताले देखेनन् । त्यसकारण नयाँ दलमा त्यो सम्भावना देखेर नै विश्वासका साथ राष्ट्रिय स्वतन्त्र पार्टीलाई करिब दुई तिहाइ मतका साथ विजय गराइदिएका छन् र पुराना राजनीतिक दलहरुलाई सच्चिनको लागि आगामी पाँच वर्ष लामो फुर्सदको समय प्रदान गरेका छन् । घटना सामान्य भए पनि त्यसले परिणाम कति भयावह दिन्छ भन्ने पुराना दलहरुले अवश्य पाठ सिकेको हुनुपर्दछ । पक्कै पनि हिजो काठमाडौं महानगरपालिकाका मेयरलाई काम गर्न अवरोध गर्ने उद्देश्यले कार्यकारी प्रमुखलगायतका विषयमा सरकारले गरेको बेइमानी व्यवहारको हिसाबकिताब पूरै नेपाली मतदाताले राम्रोसँग राखेका रहेछन् ।

हिजो आफ्नो राजनीतिक स्वार्थसिद्ध गराउनको लागि रास्वपा सभापति रवि लामिछानेलाई मुद्दैमुद्दा सृजना गरेर समाप्त पार्न खोजेको घटनालाई नेपाली मतदाताले राम्रैसँग मूल्यांकन गरिरहेका रहेछन् । हिजो रवि लामिछानेसहितको सरकारले भ्रष्टाचारका विभिन्न फाइलहरु खोलेर थोरै भए पनि मुलुकमा सुशासन प्रत्याभूत गर्न खोज्दा उल्टै संदिग्ध व्यक्तिहरुलाई नै सरकारमा राखेर जनभावनाको हुर्मत लिन खोजेको घटनाको पनि नेपाली मतदाताले राम्रै हिसाब राखेका रहेछन् । यी कुराहरु हेर्दा सामान्य र पूर्वाग्रहजस्तो लाग्ला तर जनताले हरेक घटनालाई सूक्ष्मरुपमा अवलोकन गरिरहेको स्पष्ट छ । यो शिक्षा अब बन्ने बालेन सरकारले पनि ग्रहण गर्नुपर्ने हुन्छ । अन्यथा इतिहास पल्टन समय लाग्दैन ।

यस्तै घटनाहरुलाई विश्लेषण गरेर यो निर्वाचनमा पुराना राजनीतिक दलहरुको लागि नेपाली मतदाताको मत सुनामीको रुपमा नै आयो, जसले कुरीति र कुसंस्कारको कुनै कसिँगर बाँकी नरहने गरी बढारिदियो । पक्कै निर्वाचन भनेको जनताको विवेक परीक्षण गर्ने भरपर्दो माध्यम रहेछ । राष्ट्रिय स्वतन्त्र पार्टीप्रतिको अगाध विश्वास र पुराना दलहरुप्रति रहेको तीव्र अविश्वास नेपाली जनताले आफ्नो मतको विद्रोहमार्फत प्रकट गरिदिए । हार कस्तो हुन्छ भन्ने बुझ्नै नचाहने अहंकारीहरुलाई जनताले हारको पगरी नै पहिराइदिए । जनताले आफ्नो मतबाट नै परिवर्तनको उद्घोष गरिदिए ।

अब युवाको कुशल राज नेपाली जनताले खोजेका छन् । जनताप्रति उत्तरदायी सरकार नेपाली जनताको सपना बनेको छ । यो सपना साकार पार्ने जिम्मेवारी बालेन्द्र साह र रास्वपाको काँधमा आएको छ । आगामी ५ वर्ष बालेन्द्र साहले मुलुकको प्रगतिको महाअभियानमा रास्वपा सभापति रवि लामिछानेलाई सारथीको रुपमा प्राप्त गर्नेछन् । महाभारत युद्धमा अत्याचार विरुद्ध जसरी कृष्ण र अर्जुनको जोडीले सफलता हासिल गरेका थिए, त्यसै गरी हाम्रो मुलुकमा भएको बेथितिविरुद्धको युद्धमा रवि-बालेनको जोडी परिणाममुखी हुनेछ भन्ने आम नेपालीको विश्वास छ । यो विश्वास कुनै पनि हालतमा तोडिँदैन भन्ने विश्वास हो । बेथितिहरुको अन्त्यको लागि हामीले सुधार गर्नुपर्ने कुराहरु धेरै छन् । सुधारको लागि संविधान, ऐन, कानुन, नीति, नियममा पनि धेरै सुधारको आवश्यक छ ।

जे गर्नुपर्ने हो त्यो द्रुत गतिमा गर्नुपर्दछ । हुन त राम्रो काम गर्नको लागि कानुन बाधक छ भन्ने पनि होइन, बहाना बाधक बनिरहेको थियो । हिजोसम्म हाम्रो निर्वाचन प्रणाली ठीक भएन, यस्तो प्रणालीमा कुनै पनि दलले सामान्य बहुमत पनि ल्याउन सक्दैन भनेर संविधान संशोधन गर्नुपर्छ भन्नेहरुको भ्रमलाई यो निर्वाचनले तोडिदिएको छ । जनताले आवश्यक ठाने भने बहुमत मात्र होइन, दुई तिहाइ नै आउँछ भन्ने राम्रो सन्देश प्राप्त भएको छ ।

तर पनि संविधानका केही व्यवस्थाहरुमा सुधार गर्नुपर्ने आवश्यकता भने छ । एक कोणबाट संघीयताको खराब पक्ष पनि औंल्याउने गरिएको पाइन्छ । तर संघीयता नराम्रो होइन, यसको प्रयोग शैली नराम्रो भएको हो । संघीयतालाई सुदृढ गराउनको लागि राजनीतिक संस्कारमा व्यापक सुधारको खाँचो छ । संघीयता कुर्सीमा पुग्न, ओहोदा ओगट्नको लागि होइन, मुलुक बनाउनको लागि प्रयोग गर्नुपर्दछ । आज संघीयता बदनाम हुनुमा वा यसप्रति वितृष्णा बढ्नुमा संघीयतालाई नेताको व्यवस्थापनको लागि मात्र प्रयोग गर्न खोजिएको कारणले नै हो । भुल्नुहुँदैन, संघीयतालाई उचित रुपमा प्रयोग गरियो भने यसले नै मुलुकको समानुपातिक विकास सम्भव हुनेछ । जे गर्ने हो, विशेष एजेन्डामा राष्ट्रिय सहमति निर्माण गरेर गर्दा दिगो र प्रभावकारी हुनेछ ।

स्वीकार्नै पर्दछ, संविधानसभाबाट निर्मित संविधान आफैंमा उत्कृष्ट संविधान हो भन्ने कुराको पुष्टि निर्वाचनले गरिदिएको छ । जेनजी आन्दोलन पछि गठन भएको सुशीला कार्की नेतृत्वको नागरिक सरकारले तोकेको समयमा निर्वाचन गर्न सक्नु पनि यो संविधानको विशेषता हो । यो निर्वाचनले हिजोको राजनीतिक शक्तिलाई मात्र होइन, आजको नयाँ शक्तिलाई पनि राम्रो पाठ सिकाएको छ । हिजोका विकृतिलाई एक झड्कामा बढार्न सक्ने नेपाली जनताले भोलि कुनै गैरजिम्मेवार शक्तिको उदय हुन पुग्यो भने त्यसलाई झन् कुन प्रकारले समाप्त पारिदिनेछन् भन्ने कुराको सन्देश नेपाली जनताले भाद्र २३ र फागुन २१ गतेको घटनाहरुबाट उद्घोष गरिसकेका छन् । यो कुरालाई निर्वाचित प्रतिनिधिसभा सदस्यको प्रशिक्षण कार्यक्रममा पार्टी सभापतिले स्पष्ट व्यक्त गरिसकेका छन् । तसर्थ अब बन्ने सरकारले प्रत्येक पाइला गम्भीर भएर चाल्नु आवश्यक छ । बालेन सरकारप्रति नेपाली जनताको तीव्र भरोसा छ, विश्वास छ ।

रास्वपाले स्वीकार्नै पर्छ कि फागुन २१ को निर्वाचनमा नेपाली जनताले राष्ट्रिय स्वतन्त्र पार्टीलाई मत दिएका होइनन्, जनादेश दिएका हुन् । मुलुकलाई सही ढंगबाट अघि बढाऊ, मुलुकमा गरिखाने अवस्थाको सृजना गर, नेपालीको श्रम नेपालकै विकासमा खर्च गर्न सक्ने वातावरण सृजना गर भनेका हुन् । रास्वपालाई सुस्त हिँड्ने छुट छैन । 'दुई वर्षमा बन्ने सडक डेढ वर्षमा बन्नुपर्छ', 'किसानको उत्पादनको सही मूल्य पाउनुपर्छ', 'काठमाडौं अधिकार माग्न जाने होइन, घुम्न जाने हो' भन्नेजस्ता बालेनको उद्घोषप्रति नेपाली जनताको विश्वासको मत हो ।

भ्रष्टलाई दण्डित गर्ने मात्र होइन, तिमी पनि कुनै बहानामा भ्रष्ट हुँदैनौ भन्ने विश्वास हो । तिमी युवा हौ, प्रविधिको विकास गर्छौ, प्रविधिमा नै टेकेर अघि बढ्छौ भन्ने विश्वास हो । पक्कै नयाँ सरकारले जनताको तीव्र आकांक्षालाई पूरा गर्नुपर्नेछ । सुशासनको प्रत्याभूति गर्नुपर्ने भएको छ । हिजो देखिएका कुर्सीको लागि लुछाचुँडीको राजनीतिक संस्कारको अन्त्य भएको सन्देश दिनुपर्ने भएको छ । नयाँ सरकार गठन नहुँदै रास्वपालाई कसरी चिरा पार्न सकिन्छ भनेर तानाबाना बुन्नेहरुको षड्यन्त्र यत्रतत्र छरिन थालिसकेको छ । यो कुरामा रवि-बालेन गम्भीर हुनै पर्दछ ।

बालेन सरकारले सुशासनबाट आफ्नो अभियान थालनी गर्नुपर्नेछ । विगतमा भएका भ्रष्टाचारजन्य अपराधहरुलाई अब दोहोरिन दिनुहुँदैन भन्ने मात्र होइन, विगतमा भएका भ्रष्टाचारहरुको निर्मम तरिकाले छानबिन गरी शीघ्र कानुनको दायरामा ल्याउनुपर्ने भएको छ । जेनजी आन्दोलनमा भएको दमन र लुटपाटको सम्बन्धमा छानबिन गर्न बनेको आयोगले आफ्नो प्रतिवेदन सरकारलाई बुझाइसकेको अवस्था छ । त्यो प्रतिवेदन सार्वजनिक हुनुअघि नै विभिन्न कोणबाट धम्कीका आवाजहरु आउन थालिसकेका छन् ।

बालेन सरकारले कुनै पनि खाले राजनीतिक आग्रह-पूर्वाग्रहको एकरती छनक नदिई अपराध गर्नेहरुलाई कुनै हालतमा माफी दिनुहुँदैन भन्ने छ । रास्वपाले स्वमूल्यांकन गर्नै पर्छ, रास्वपाले राम्रो गरेको थियो, त्यसैले जनताले भोट दिए होइनन्, रास्वपाले राम्रो गर्छ भन्ने विश्वासमा जनताले मत दिएका हुन् । हिजो मत दिएकाहरु रास्वपाका न कार्यकर्ता थिए, न सदस्य नै थिए । रास्वपालाई अन्य दलका धेरैभन्दा धेरै कार्यकर्ता तथा सदस्यहरुले मत दिएका थिए ।

मत दिँदैमा व्यक्ति आफ्नो सदस्य हुँदैनन् अर्थात् हिजोका मतदाताहरुले न पुरानो पार्टी त्याग गरिसकेका छन्, न नयाँ पार्टीमा समाहित भइसकेका छन् । उनीहरुले मत मात्र परिवर्तन गरेका हुन् । उनीहरुको मन परिवर्तन गराउनको लागि बालेन सरकारले इमानदारीपूर्वक अहोरात्र कार्य गर्नुपर्नेछ । सानो मात्र त्रुटि-कमजोरी हुन गयो भने हिजो मत परिवर्तन गरेका मतदाताहरुले आफ्नो मन तुरुन्त परिवर्तन गर्नेछन् । यो वास्तविकता भुल्नुहुँदैन- 'नेपाली जनताको लागि विश्वासको अन्तिम आधार नै अब बन्ने बालेन सरकार हुनेछ ।' यो सरकार पनि चुक्यो भने जनतामा दलतन्त्र र लोकतन्त्रप्रति कुनै पनि विश्वास बाँकी रहनेछैन ।

*(साभारः न्यूज अफ नेपाल)*

# जाँचबुझ आयोग प्रतिवेदन : भदौ २३ को विस्तृत निष्कर्ष, २४ बारे छिपछिपे अनुसन्धान



काठमाडौं/सुशीला कार्की प्रधानमन्त्री नियुक्त भएपछि उनले शुरुमा गरेको निर्णय हो, जेनजी आन्दोलनबारे जाँचबुझ गर्न आयोग गठन गर्ने । गौरीबहादुर कार्की नेतृत्वको तीन सदस्यीय आयोगलाई दिइएको कार्यादेशबारे राजपत्रमा स्पष्टसँग लेखिएको थियो, 'सम्वत् २०८२ साल भदौ २३ र २४ गते काठमाडौं लगायतका मुलुकका विभिन्न भागमा प्रदर्शनका क्रममा भएका भौतिक एवं मानवीय क्षतिको छानबिन गर्ने ।'

आयोगलाई २३ भदौमा राज्यपक्षबाट भएको दमनको छानबिन गर्ने र त्यसमा संलग्नहरूमाथि कारबाहीको सिफारिस गर्ने कार्यादेश त थियो नै । साथसाथै भोलिपल्ट अर्थात् २४ भदौमा भएको विध्वंश, तोडफोड र आगजनीको जाँचबुझ गरी संलग्नहरूमाथि अनुसन्धान गर्न पनि भनिएको थियो ।

तर, जाँचबुझ आयोगले आफ्नो साढे ५ महिनाको कार्यकालको सम्पूर्ण ऊर्जा भदौ २३ को अनुसन्धान र तथ्य पत्ता लगाउन केन्द्रित रहेको देखिएको छ । उसको अनुसन्धान भदौ २४ का घटना बारेमा छिपछिपे कुराहरू छन् । यसैपनि आयोगका अध्यक्ष गौरीबहादुर कार्कीमाथि घटनाका बारेमा पूर्वधारणा राखेर तटस्थता देखाउन नसकेको आरोप खेपिरहेका बेला आलोचना हुनेगरी आयोगले भदौ २३ मा मा चाहिँ विस्तृत रूपमा आफूलाई केन्द्रित गरेर प्रतिवेदन बनाएको हो ।

जेनजी आन्दोलनलाई हेर्ने दृष्टिकोणमा मुलुकका प्रमुख राजनीतिक शक्तिहरूबीच मतभिन्नता छ । एमाले र कांग्रेसको देउवा पक्षले जेनजी आन्दोलनमा घुसपैठ भएको विश्वास गर्छ । अनि भोलिपल्टको घटनालाई योजनाबद्ध र षडयन्त्र भनी टिप्पणी गर्छन् । जेनजी आन्दोलन पक्षधरहरूले भने अघिल्लो दिनको घटनालाई दमन मान्छन् र भोलिपल्टको विध्वंशात्मक घटनामा आफूहरू संलग्न नभएको प्रतिक्रिया दिन्छन् । गत महिनाको निर्वाचनपछि जेनजी आन्दोलनको समर्थन गर्ने रास्वपा दुई तिहाइ बहुमतको नजिक छ ।

फरक-फरक कोणबाट घटनालाई हेरिएकाले दुवैतर्फ सन्तुलन हुनुपर्ने आयोगले भदौ २४ को घटनाको विस्तृत विवेचना गरेको देखिँदैन । राज्यका ठूला निकायहरूको विध्वंशमा कस्ता समूहको हात थियो ? उनीहरूको भूमिका के हो ? अनि कतिपय नेताहरूको घर आगजनीमा कस्ता पक्षहरू संलग्न थिए ? भन्नेबारे आयोगको अनुसन्धान गहिराईमा पुग्न सकेको देखिँदैन ।

**सन्तुलनको अभाव**

भदौ २३ को घटनामाथि जाँचबुझ आयोगले कागजात अध्ययन, विश्लेषण कतिपय व्यक्तिहरूसँग बयान समेत लिएको छ । घटनाक्रमको सिलसिलेवार अध्ययन र विश्लेषण गरेको आयोगले त्यसक्रममा कयौं पाटाहरूलाई केलाएको देखिन्छ । राज्यशक्तिको प्रयोगबाट भएको दमन र हताहतीमा जिम्मेवार पदाधिकारीहरूको भूमिकाबारे विस्तृत विश्लेषण छ ।

आयोगले भदौ २४ को घटनाक्रम समेट्दै नसमेटेको चाहिँ होइन । प्रतिवेदनका केही खण्डमा भदौ २४ बारे पनि छन् । भदौ २४ कै घटनाका कारण नेपाली सेनाको कामकारबाहीको विश्लेषण र आलोचना गरेको छ । तर अन्य कयौं पक्षहरूमाथि आयोग मौन छ ।

तुलनै गर्ने हो भने भदौ २३ को भन्दा भोलिपल्ट जनधनको क्षति बढी छ । भदौ २३ गते २२ जनाको ज्यान गएकोमा भोलिपल्टको घटनामा ५४ जनाको मृत्यु भएको देखिन्छ । अघिल्लो दिन २२ जनाको हताहती भएपनि खासै तोडफोड र विध्वंश भएको थिएन । भोलिपल्ट सुरक्षाकर्मीहरूको गोली प्रहारबाट २० जना मरेका थिए भने बाँकी आगजनी र तोडफोडका क्रममा मारिए ।

प्रदर्शनकारीहरूको आक्रमणबाट ३ जना प्रहरीको ज्यान गएको थियो । आयोगले किटान गरेको ८५ अर्ब रुपैयाँको क्षतिको ठूलो हिस्सा भोलिपल्टको घटनाले ओगट्छ । तर, आयोगले प्रतिवेदन तयार गर्ने क्रममा आफ्ना सीमाहरू रहेको उल्लेख गर्दै भदौ २४ को घटनाको विस्तृत अनुसन्धान र विश्लेषण गर्न नसकेको बताएको छ । 'भदौ २४ गते देशभरि विभिन्न क्षेत्रहरूमा व्यापक रूपमा घटना भएकोमा सो को सुक्ष्म र समष्टिगत अनुसन्धान, विश्लेषण गर्न समयसीमा, जनशक्ति र स्रोत साधन समेत पर्याप्त नभएको,' आयोगको प्रतिवेदनमा उल्लेख छ ।

बानेश्वरस्थित संसद् भवनमा भएको आगजनीलाई अघिल्लो दिनको हताहतीको खरो आक्रोश मान्ने हो भने पनि कयौं प्रश्नहरू अनुत्तरित देखिन्छन् । सिंहदरबारमा किन आगजनी भयो ? सर्वोच्च अदालतमा भएको आगजनीमा को-को संलग्न थिए ?

शीतल निवासदेखि बालुवाटारस्थित प्रधानमन्त्री निवासमा आगजनी गर्ने समूहमा कस्ता पृष्ठभूमिका मानिसहरू संलग्न थिए भन्नेबारे आयोगको प्रतिवेदन मौन छ । कयौं भिडियोको विश्लेषणबाट संलग्न व्यक्तिहरूको पहिचान र उनीहरूको संलग्नताको मात्रा समेत खुल्न सक्थ्यो । आयोगले संलग्नता र दोषी पत्ता लगाउने मामिलामा भदौ २४ लाई प्राथमिकता दिएको देखिँदैन ।

जाँचबुझ आयोगले भ्रष्टाचार र कुशासनले आक्रोशित युवा सामाजिक सञ्जालमाथिको प्रतिबन्धबाट आक्रोशित भएको र सडकमा आउँदा उक्त घटना भएको निष्कर्ष निकालेको छ । २२ जनाको हताहतीपछिको आक्रोशमा २४ गते केही युवा सडकमा आएपनि लगत्तै भने आपराधिक प्रवृतिका व्यक्तिहरू त्यसमा मिसिएको आयोगको निचोड छ ।

केही समयपछि आपराधिक प्रवृति र लुटेरा समूहहरू प्रदर्शनमा मिसिएर लुटपाट, आगजनी र तोडफोडमा संलग्न भएको भन्दै आयोगले तिनीहरूका कारण स्थिति अराजक भएको निचोड निकालेको हो । त्यस्ता अपराधिक र लुटेरा समूहमा को कस्तो संलग्न थिए भन्नेबारेमा भने प्रतिवेदन मौन छ ।

वरिष्ठ अधिवक्ता समेत रहेका एमाले नेता अग्नि खरेल नेतृत्वको पूर्वाग्रहयुक्त धारणाका कारण आयोगको प्रतिवेदन सन्तुलित र तटस्थ हुन नसकेको आरोप लगाउँछन् । उनका अनुसार, पहिले नै एउटा दृष्टिकोण तय गरेर हिंडिरहेको व्यक्तिलाई आयोगको जिम्मेवारी दिएकाले समस्या भएको हो ।

'भदौ २३ गते र अन्य कतिपय विषयमा उहाँ (गौरीबहादुर कार्की)ले दिएको प्रतिवेदन तटस्थ हुँदैन कि भन्ने हाम्रो आशंका थियो,' खरेल भन्छन्, 'हामीले आशंका गरेअनुसार नै प्रतिवेदन आयो । भदौ २३ मात्रै होइन, २४ का बारेमा पनि आयोग गहिराइमा पुग्नुपर्थ्यो । प्रतिवेदन सन्तुलित हुन सकेन ।'

**बीटीएस रिपोर्टले कति खुल्ला ?**

भदौ २४ मा भएको शान्तिपूर्ण प्रदर्शन बाहेक आगजनी, हिंसा र तोडफोडका घटनामा को व्यक्ति संलग्न हुन् ? उनीहरूको भूमिका के हो ? र, उनीहरूको संगठित रुपमा गएका थिए वा आक्रोशित मात्रै भएका थिए भन्नेबारे प्रतिवेदन मौन छ ।

शुरुदेखि नै आयोगका पदाधिकारीहरूमाथि विपक्षीहरू (खासगरी एमाले र देउवा पक्षीय कांग्रेस नेताहरू)ले लगाएको आरोपलाई खण्डित गर्नेगरी प्रतिवेदन सन्तुलित बन्न सकेको देखिँदैन । बरु भदौ २४ मा आफूलाई केन्द्रित नगर्नुमा उसले निश्चित स्रोत र सीमाहरूको कारण देखाएको छ ।

'भदौ २४ गतेका घटनाहरू काठमाडौंमा मात्रै सीमित नभई पूरै देश नै प्रभावित हुन पुगेको छ । आगजनी, तोडफोड र लुटपाटका घटनाहरू व्यापक छन् । आयोगको निश्चित सीमाहरूका कारण सम्पूर्ण क्षेत्र छानबिनको दायरामा समेट्न नसकिने अवस्था छ,' प्रतिवेदनमा भनिएको छ, 'भदौ २४ को हिंसात्मक क्रियाकलापमा संलग्न व्यक्तिहरूलाई छानविनको दायरामा ल्याउन सहज हुनेगरीको विवरण र सामग्रीहरू प्रतिवेदनमा संलग्न गरिएको छ ।'

जाँचबुझ आयोगले भोलिपल्टको घटनामा संलग्नहरूका बारेमा प्रतिवेदनमा संलग्न गरेको भेटिँदैन । बरु उसले तयार पारेको अनुसूचीमा ती नामहरू समावेश भएको हुनसक्छ, तर अनुसूची सार्वजनिक नभएकाले त्यसमा के कस्ता विवरण छन् भन्ने सार्वजनिक भएको छैन ।

अहिलेसम्मको छानबिनबाट भदौ २४ का घटनाहरूमा कसैलाई पनि मुद्दा चलाउन मिल्नेगरी सिफारिस गर्ने प्रमाण संकलन नभएको भन्दै आयोगले संलग्नहरूको पहिचान हुन नसक्नुलाई निश्चित कार्यादेश र छोटो अवधि भनी व्याख्या गरेको छ ।

उसले अब भने सरकारी विज्ञ सहितको अनुसन्धान टोलीले विभिन्न प्रमाण संकलन गरेर संलग्नहरूको भूमिका खोज्नुपर्ने भनेको छ । त्यसक्रममा सीसीटीभी फुटेज, सामाजिक सञ्जाल, पीडित र अन्य स्रोतबाट प्राप्त भिडियो क्लिपहरू भिडाउन सुझाव दिएको छ । आयोगले घटनाका बेलामा त्यो ठाँउ वरपर रहेका टेलिफोन टावरहरूसँग सम्पर्कमा रहेका फोनहरूको विवरण तयार पारेको जनाएको छ । त्यो विवरणबाट घटनाका बेलामा त्यहाँ भौतिक रुपमा उपस्थित हुनेहरूको विवरण खुल्ने आयोगको दाबी छ ।

आयोगले बीटीएस रिपोर्ट पनि समावेश भएको उल्लेख गरेको छ । व्यक्तिले बोक्ने फोनले सम्पर्क गर्ने टावरसँगको रेकर्डका आधारमा तयार हुने बीटीएस रिपोर्टले कुन समयमा व्यक्ति कहाँ थियो भन्नेसम्मको जानकारी दिन्छ, तर त्यत्तिका आधारमा ऊ कुनै अपराध वा घटनामा संलग्न थियो वा थिएन भन्ने खुल्दैन ।

सरकारलाई प्रतिवेदन बुझाएपछि संचारकर्मीसँगको संक्षिप्त कुराकानीमा आयोगका प्रवक्ता एवं सदस्य विज्ञानराज शर्माले २३ गतेको तुलनामा २४ गतेको घटना अलि बृहत खालको रहेको दाबी गरेका थिए । उनले संचारकर्मीसँगको प्रतिक्रियामा भनेका थिए, '२४ गते अलि बृहत छ । छोटो समयमा २४ गतेका सबै घटनाहरू (प्रतिवेदनमा) आउँदैनन् । तर पनि हामीले भोलिको अनुसन्धान गर्नलाई एउटा आधार बनाइदिएका छौं ।'

*(स्रोत: अनलाइनखबर)*

# टिकटकमा छायो 'लालीबजार'को गीत, युट्युबमा लोभलाग्दो भ्यूज



काठमाडौं/फिल्मको प्रचारका लागि गीतसंगीत महत्त्वपूर्ण मानिन्छ । गीतले फिल्मप्रति दर्शकको चासो र उत्साह बढाउन ठूलो भूमिका खेल्ने गरेको छ । तर, वर्षमा एकाध फिल्मका गीत मात्र दर्शकको रोजाइमा पर्ने गरेका छन् । यस वर्षकै कुरा गर्ने हो भने 'डोको बुन्ने', 'काफ्ले', 'चाइनेजो जिन्दगानीमा', 'मखमली', 'न्याउली वनैमा' जस्ता फिल्मी गीत निकै लोकप्रिय भए ।

यतिबेला भने फिल्म 'लालीबजार'को 'मायालाई के दिऊँ म बैना' गीत सर्वाधिक चर्चामा छ । दुई साताअघि युट्युबमा सार्वजनिक भएको यो गीत टिकटकमा भाइरल नै बनेको छ । गीतमाथि लगभग ४ लाख टिकटक भिडियो बनिसकेका छन् भने युट्युबको सर्टस् तथा फेसबुक र इन्स्टाग्रामको रिल्समा पनि दर्शकहरूले उक्त गीतमा बनाएका भिडियो अनगिन्ती भेटिन्छन् ।

लोकभाकाको यस गीतलाई युट्युबमा भ्यूज पनि लोभलाग्दो मिलेको छ । १३ दिनमा गीतलाई ५० लाखभन्दा बढीले हेरिसकेका छन् । गीतले दर्शकबाट प्रशंसा पनि उत्तिकै पाएको छ । गीतको भाकादेखि भिडियोको कोरियोग्राफीसम्मको सराहना गरिएको छ । अभिनेत्री स्वस्तिमा खड्का र बाल कलाकार समाइरा थापाको नृत्य कौशलको पनि दर्शकहरूले खुलेर तारिफ गरेका छन् ।

'मायालाई के दिऊँ म बैना' गीतलाई अझ लोकप्रिय बनाउन फिल्मको टिमले विभिन्न कलाकारसँग सहकार्य पनि गरिरहेको छ । वर्षा राउतदेखि तेरिया फौजा मगरसम्मलाई फिल्मकी मुख्य अभिनेत्री स्वस्तिमा खड्कासँग गीतमा नृत्य गराएर त्यसको भिडियो सामाजिक सञ्जालमा राखिएको छ । यसले गीतप्रति दर्शकको आकर्षण थप बढाएको छ ।

आगामी बैशाख १८ गतेबाट प्रदर्शन हुने यस फिल्ममा स्वस्तिमा र समाइरासहित रवीन्द्रसिंह बानियाँ, मुकुन्द श्रेष्ठ, विशाल देवकोटा, प्रशंसा सुवेदी, अभय बराल, आशा पौडेल, गोविन्द सुनार, आभा अर्याल, तारा शर्मा लगायतका कलाकारहरूको अभिनय रहेको छ । यम थापाको निर्देशनमा बनेको फिल्ममा उनी स्वयंको कथा छ भने पटकथा तथा संवाद यम र प्रदीप भट्टराईले लेखेका हुन् ।

# 'धुरन्धर २'को दबदबाबीच 'हामी तीन भाइ'को बुकिङ खुल्यो

काठमाडौं/यतिबेला नेपालका हलमा भारतीय फिल्म 'धुरन्धर : द रिभेन्ज'ले एकछत्र राज गरिरहेको छ । दर्शकहरूको उच्च चापका कारण काठमाडौंका कतिपय हलले दैनिक २०-२२ घन्टासम्म फिल्म चलाइरहेका छन् । तैपनि, टिकटको हाहाकार रोकिएको छैन । अवस्था कस्तोसम्म देखिएको छ भने आगामी शनिबारको शोको टिकट दर्शकहरूले अहिले नै काटिरहेका छन् ।

'धुरन्धर २'को यो क्रेजबीच यही शुक्रबार (१३ चैत)बाट नेपाली फिल्म 'हामी तीन भाइ' प्रदर्शनमा आउँदैछ । यो फिल्मको अग्रिम टिकट बुकिङ खुला भइसकेको छ । तर, 'धुरन्धर २'का कारण फिल्मले निकै न्यून शो पाएको छ । बुधबार दिउँसो १ बजेसम्म फिल्मलाई देशव्यापी १२ शो उपलब्ध भएको खल्ती एपमा देखिन्छ । यद्यपि, अझै केही हलमा बुकिङ खुल्न भने बाँकी छ ।

यो फिल्मलाई घरेलु बक्स अफिसमा 'धुरन्धर २'सँगको प्रतिस्पर्धा नै सबैभन्दा ठूलो चुनौती बन्ने देखिन्छ । यस्तो अवस्थामा फिल्मको व्यावसायिक सफलताका लागि दर्शकीय प्रतिक्रिया निर्णायक बन्नेछ । २ दशकअघिको चर्चित फिल्म 'हामी तीन भाइ'को नाम सापटी लिएर फिल्म बनेकाले दर्शकको राम्रो साथ मिल्नेमा निर्माण टिम विश्वस्त देखिएको छ ।

मधुसुदन भट्टराईको निर्देशनमा तयार भएको यस फिल्ममा विनोद न्यौपाने, लक्ष्मी बर्देवा, फलित राई, जाहन्वी बस्नेत, कुशल विष्ट, आश्मा गिरी, राजाराम पौडेल, रविन्द्र झा, बिष्णु सापकोटा, रमा बिष्ट, सुष्मा निरौला, विरेन श्रेष्ठ लगायतका कलाकारहरूको अभिनय देख्न सकिनेछ । साजित महत प्रस्तुतकर्ता रहेको फिल्ममा त्रिरत्न श्रेष्ठ र मनोज श्रेष्ठ निर्मातामा छन् ।


**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

'स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद'

**दोस्रो बृहत् खेलकुद, कृषि तथा पर्यटन महोत्सव, हेटौंडा-२०८२**

मितिः २०८२ फाल्गुन २९ गतेदेखि चैत्र १४ गतेसम्म स्थान : हेटौंडा-१०, टिसिएन चौर

राष्ट्रिय तेक्वान्दो प्रतियोगिता
२०८२ चैत्र ११, १२ र १३ गते

खुल्ला राष्ट्रिय महिला भलिबल प्रतियोगिता
२०८२ चैत्र ४, ५, ६, ७ र ८ गते

जिल्ला स्तरीय महिला/पुरुष १० कि.मि. दौड प्रतियोगिता
२०८२ फागुन २९ गते

जिल्ला स्तरीय ब्याडमिन्टन प्रतियोगिता
२०८२ फागुन २९, ३० गते

जिल्ला स्तरीय पुरुष भलिबल प्रतियोगिता
२०८२ चैत्र १, २ र ३ गते

जिल्ला स्तरीय कराते प्रतियोगिता
२०८२ चैत्र ९ र १० गते

# उदाउँदो सूर्यलाई अर्घ दिँदै वासन्ती छठ सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, ११ चैत/ मधेशको प्राचीन मिथिलाक्षेत्रमा बुधबार बिहान उदाउँदो सूर्यलाई अर्घ दिँदै यसपालिको वासन्ती छठपर्व ब्रतालुले सम्पन्न गरेका छन् ।

मंगलबार साँझ अस्ताउँदो सूर्यलाई पहिलो अर्घ दिएका ब्रतालुले बधुबार बिहान सूर्योदयसँगै दोस्रो अर्घ दिएर पर्व सम्पन्न गरेका हुन् । मिथिलामा वासन्ती छठलाई बोलीचालीमा 'चैती छठ' भनिन्छ । वसन्तऋतुमा मनाइने हुँदा यसलाई वासन्ती छठ भनिएको पाका मैथिल बताउँछन् । चैत शुक्लपक्षमा मनाइने हुँदा आमबोलीमा यसलाई 'चैती छठ' भन्ने गरिएको बर्दिबास-१४ हटियाका ७५ वर्षीय रामअयोध्या साह बताउछन् । चारदिने यो पर्व चैत शुक्लचौथी (चतुर्थी) देखि सप्तमीसम्मको हुन्छ ।



यसपालि गत आइतबार चैत शुक्लचतुर्थी (चौथी)का दिन 'नहाय-खाय' र सोमबार पञ्चमी तिथिका दिन ब्रतालुले 'खरना' विधि सम्पन्न गरेका थिए । यसैगरी मंलबार षष्ठीतिथिको निराहार व्रत बसेर ब्रतालुले साँझ अस्ताउँदो सूर्यलाई पहिलो अर्घ दिएका थिए । यो पहिलो अर्घ्यलाई यहाँ सझुका अरख भन्ने गरिएको छ । त्यसैगरी बुधबार उदाउँदो सूर्यलाई दिइने अर्घको विधिलाई भोरका अरख वा पारन भनिन्छ । पर्वको पहिलोदिन स्नान गरेर चोखोनीतो खाने चलन छ । यसदिन व्रतमा अपवित्र मानिने लसुन, प्याज र कोदोसहितका खाद्यपदार्थ प्रयोग गरिन्नन् ।

अरवा चामलको भात खाइने हुँदा यसदिनलाई 'अर्बाअर्बाइन' भनिन्छ । यसैगरी दोस्रो अर्थात् खरनाका दिन दिनभरि उपवास रही राति सखर हालेर पकाइएको खिर इष्टदेवलाई चढाएर ब्रतालुले खान्छन् । यो प्रसाद खाएपछि निराहार व्रत प्रारम्भ हुन्छ । षष्ठीतिथिका दिन निराहार व्रत बसी साँझ पवित्र जलासयमा बनाइएको घाटमा गई अस्ताउँदो सूर्यलाई पहिलो अर्घ दिने परम्परा छ । यसक्रममा फलफूल र ठेकुवा (गहुँको पीठोबाट बनाइएको परिकार), भुसुवा (कसार) र अन्य परिकार राखिएको डाला हातमा उठाएर सूर्यदेवलाई देखाइन्छ । कम्मरसम्म पानीमा डुबेर सूर्यलाई अर्घ दिने परम्परा छ ।

चौथो अर्थात् सप्तमी तिथिका दिन बिहान उदाउँदो सूर्यलाई यिनै प्रसाद देखाएर अर्घ दिई ब्रतालुले व्रत समापन गर्नेछन् । शरद् र वसन्त ऋतु गरी वर्षमा दुईपटक मनाइने छठ सूर्य र सूर्यपत्नी षष्ठीको उपासनाको पर्व मानिन्छ । शरद् ऋतुमा कात्तिकशुक्ल चौथीदेखि सप्तमीसम्म र वसन्त ऋतुमा चैतशुक्ल चौथीदेखि सप्तमीसम्म समान विधिले यो पर्व सम्पन्न गरिन्छ । यो व्रतका प्रभावले हरेक मनोकांक्षा पूराहुने विश्वास गरिन्छ । मिथिलामा यो पर्व द्वापरयुगमा श्रीकृष्ण पुत्र साम्बले कुष्ठरोग निवारणका लागि गरेका र त्यसैबेलादेखि प्रारम्भ भएको मानिन्छ । महाभारतकालमै पाण्डवले गुप्तवास सफलताको कामना गरेर सूर्यदेवको आराधना गरेका र सति अनसुइयाले सूर्य उपासना गरेको जनश्रुति पनि छ । यो व्रत प्रभावले छालाजन्य रोग नलाग्ने जनविश्वास पनि छ ।

# एकताबद्ध भएर चुनौती सामना गर्नेः एमाले केन्द्रीय सदस्य राना




साझाकुरा संवाददाता

हेटौंडा, ११ चैत/नेकपा एमालेका केन्द्रीय सदस्य तथा मकवानपुर ईन्चार्ज रामेश्वर रानाले पार्टीपंक्ति एकताबद्ध भएर चुनौतीको सामना गर्नुपर्ने बताएका छन् ।

नेकपा एमाले बागमती गाउँपालिकाको समीक्षा बैठकलाई सम्बोधन गर्दै नेकपा एमालेलाई जनताबाट अलग्याउन र पार्टीको विपक्षमा भ्रम सृजना गर्न अन्तरर्ाष्ट्रिय शक्ति नै लागेको र राष्ट्रिय स्वाभिमान, लोकतन्त्र र विकास समृद्धिको पक्षमा दृढतापूर्वक उभिएको एमालेलाई कमजोर बनाउन लागेको बताए । उनले निर्वाचन परिणाम अनुकूल हुन नसके पनि पार्टीको पक्षमा उत्साहपूर्क परिचालित सबै नेता कार्यकर्तालाई धन्यवाद भन्दै अविचलितरुपमा देश, जनता र पार्टीको पक्षमा लागिरहन आग्रह गरे ।

बैठकमा नेकपा एमाले केन्द्रीय लेखा आयोगका सदस्य नवीन सिग्देलले ईतिहासमै नेपालको कम्युनिष्ट र लोकतान्त्रिक आन्दोलन संकटमा परेको र परिवर्तनकारी आन्दोलनको पक्षमा निरन्तर भूमिका खेलेको एमाले र नेतृत्वमाथी प्रहार भएको बताए ।

'हामी राष्ट्रिय स्वाभिमान, लोकतन्त्रको सुदृढीकरण र विकास समृद्धिको पक्षममा उभिएका छौं' उनले भने, 'अझ दृढ भएर उभिन जरुरी छ ।' जनताको बीचमा हामीप्रति फैलाएर भ्रमलाई चिर्न जरुरी रहेको उनले बताए । बैठकमा प्रदेश कमिटीका सदस्य छिरिङदोर्जे पाख्रिन, जिल्ला सचिव सीता विष्टलगायतले निर्वाचनको समिक्षात्मक मन्तव्य राखेका थिए ।

पालिका कमिटी अध्यक्ष नरबहादुर घलानको अध्यक्षतामा भएको बैठकमा जिल्ला कमिटी उपसचिव आरती पाठक, जिल्ला सचिवालय सदस्य जयबहादुर वाईबालगायतको उपस्थिति रहेको थियो । बैठकमा पालिकाका ९ वटा वडाका प्रतिनिधिले निर्वाचनको समिक्षात्मक रिपोर्ट पेश गरेका थिए ।

जेनजी आन्दोलन :

# कार्की आयोगको प्रतिवेदनकै आधारमा मुद्दा चल्छ ?

काठमाडौं/प्रधानमन्त्री सुशीला कार्कीले गत भदौ २३ र २४ गतेको घटना सम्बन्धी जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक गर्ने निर्णय गरेकी छन् । बुधबार साँझ प्रधानमन्त्रीको निर्णय आउनु अघि नै सञ्चारमाध्यमहरूले प्रतिवेदनको पूर्णपाठ सार्वजनिक गरिसकेका थिए ।

विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्की नेतृत्वको आयोगको ९०७ पृष्ठको प्रतिवेदनमा तात्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रमेश लेखक, प्रहरी महानिरीक्षक चन्द्रकुबेर खापुङ लगायतलाई ज्यान मुद्दामा अनुसन्धान अघि बढाउने लगायतका सिफारिस गरेको छ ।

चैत १ गते बसेको मन्त्रिपरिषद् बैठकले कार्की आयोगको प्रतिवेदन ग्रहण गर्ने निर्णय गरेको थियो । आयोगको प्रतिवेदनकै आधारमा कसैमाथि कारबाही हुन्छ कि हुँदैन ? 'आयोगको प्रतिवेदन अदालतको फैसला जस्तो होइन, तर यसमा टेकेर सरकारले थप अध्ययन अनुसन्धान गर्न सक्दछ,' सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधीश कल्याण श्रेष्ठले संचारकर्मीसँग भने ।

कुनै पनि जाँचबुझ आयोगले घटनामा संलग्न व्यक्तिलाई दोषी किटान गर्न नसके पनि थप कारबाहीका लागि सिफारिस भने गर्नसक्ने विज्ञहरू बताउँछन् । पूर्व प्रधानन्यायाधीश श्रेष्ठ आयोगको प्रतिवेदनलाई अनुसन्धानको आधार भने बनाउन सकिने बताउँछन् । कार्की नेतृत्वको आयोग जाँचबुझ आयोग ऐन, २०२६ अनुसार गठन भएको हो । यो ऐनको दफा ३ को उपदफा २ मा सार्वजनिक महत्त्वको कुनै कुराको जाँचबुझ गर्नको लागि कुनै आयोगको गठन गर्न आवश्यक देखिएमा जाँचबुझ आयोग गठन गर्न सकिने उल्लेख छ ।

जाँचबुझ आयोगहरू घटनासँग सम्बन्धित तथ्य र विवरण संकलनका लागि गठन गरिएका हुन्छन् । आयोगले जाँचबुझ गरेर आफ्नो मत भने राख्न पाउने भए पनि अन्तिम निर्णय गर्ने अन्तिम निकाय सरकार नै भएको जनकारहरू बताउँछन् । सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरिशचन्द्र लाल भन्छन्, 'आयोगले आफ्नो मतसम्म राख्न सक्दछ तर प्रतिवेदन अनुसार फेरि अनुसन्धान गरेर कसलाई मुद्दा चलाउनु पर्ने वा नपर्ने भन्ने निर्णय काम सरकारको हो ।' टीकापुर घटना र डेडिकेटेड तथा ट्रक लाइनको महसुल विवाद समाधान सम्बन्धी दुई वटा आयोगको नेतृत्व गरिसकेका पूर्वन्यायाधीश लाल जाँचबुझ आयोगलाई अभियोजनको अधिकार नहुने बताउँछन् ।

# जन्मदिनको अवसरमा पोशाक सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, ११ चैत/ हेटौंडा-१७ लक्ष्मीपुर घरभई हाल अध्ययनको सिलसिलामा अष्ट्रेलियामा रहेकी रोलिशा श्रेष्ठले आफ्नो जन्मदिनको अवसरमा सामाजिक उत्तरदायित्व निर्वाह गर्दै बहिरा बालबालिकालाई विद्यालय पोशाक सहयोग गरेकी छिन् ।

श्रेष्ठले हेटौंडा-६ स्थित शान्ति बहिरा तथा सुस्तश्रवण आवासीय आधारभूत विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि पोशाक उपलब्ध गराएकी हुन् । अध्ययनरत सबै ३२ जना बालबालिकाको लागि टिसर्ट र टाउजर सेट सहयोग गरिएको विद्यालयले जनाएको छ ।



पोशाक श्रेष्ठका अभिभावक तथा परिवारका सदस्यमार्फत् बालक्लब अध्यक्ष सबिना जिम्बा तथा शिक्षकशिक्षिकालाई हस्तान्तरण गरिएको विद्यालयले जनाएको छ । जन्मदिनलाई सामाजिक कार्यसँग जोड्दै गरिएको यस सहयोगले विद्यालयका बालबालिकालाई राहत मिल्नुका साथै अन्यलाई पनि समाजप्रति जिम्मेवार बन्न प्रेरणा दिने विद्यालयकी प्रधानाध्यापक शर्मिला खतिवडाले बताइन् ।

# बज्रबाराहीको आगलागीपीडितलाई सहयोग हस्तान्तरण

साझाकुरा संवाददाता

हेटौंडा, ११ चैत/थाहा नगरपालिका वडा नम्बर ६, सरस्वती बजारस्थित सुकबहादुर बलामीको टेलर पसलमा चैत ८ गते राति भएको आगलागीपीडितलाई आर्थिक सहयोग गरिएको छ ।

आगलागीबाट बलामीको पसल पूर्णरुपमा क्षतिभई उनको परिवारमा ठूलो आर्थिक नोक्सानी भएपछि स्थानीय र बजार व्यवस्थापन समितिले सहयोग गरेको हो । सुकबहादुर बलामीको स्वास्थ्यअवस्था कमजोर रहेकाले परिवार झनै समस्यामा परेको स्थानीयले जनाएका छन् । विषम परिस्थितिमा पीडित परिवारलाई राहत पुऱ्याउने उद्देश्यले बज्रबाराही बजार व्यवस्थापन समितिको पहलमा आर्थिक सहयोग संकलन गरिएको थियो । संकलित रकम ६२ हजार तीनसय रुपैयाँ पीडित बलामीलाई हस्तान्तरण गरिएको समितिले जनाएको छ ।



# कान्तिलोकपथमा ट्रक दुर्घटना हुँदा एकजनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, ११ चैत/ मकवानपुरको बकैया गाउँपालिकास्थित कान्तिलोकपथमा ट्रक दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ ।

बकैया गाउँपालिका-११ घट्टेपाखास्थित कान्तिलोकपथ सडक खण्डमा बुधबार बिहान ट्रक दुर्घटना हुँदा वीरगन्ज महानगरपालिका-३२ बस्ने २० वर्षीय सन्तोष यादवको मृत्यु भएको हो । जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार वीरगन्जबाट एरियल कम्पनीको सरफ लोड गरी काठमाडौंतर्फ जाँदै गरेको ना ८ ख ८७६० नम्बरको आइचर ट्रक अनियन्त्रित भई दुर्घटना भएको हो । बिहान करिब २:५० बजे ट्रक सडकनजिकै रहेको स्थानीय ओमानसिंह तितुङको खाली घरमा ठक्कर खाई सडकबाट करिब १५० मिटर तल खोल्सामा खसेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता एवम् प्रहरी नायवउपरीक्षक पुस्कर बोगटीले जानकारी दिएका छन् ।

दुर्घटनामा ट्रकचालक वीरगन्ज-३२ का ३३ वर्षीय कृष्ण यादव गम्भीर घाइते भएका छन् । उनको हेटौंडा अस्पतालमा प्रारम्भिक उपचारपछि थप उपचारका लागि चितवनको भरतपुरतर्फ पठाइएको प्रहरीले जनाएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

**चल अचल सम्पत्ती वा घर-जग्गा भाडामा दिँदा लिँदा अनिवार्य रूपमा सम्झौता गर्ने सम्बन्धी सूचना !**

हेटौंडा उपमहानगरपालिका वडा नम्वर २ मा चल अचल सम्पत्ती वा घर जग्गा भाडामा दिने लिने सबैले अनिवार्य रूपमा ३ पुस्ते पारिवारिक विवरण उल्लेख गरि चल अचल सम्पत्ती वा घर जग्गा भाडा सम्झौता गरेर मात्र दिन लिन हुन सरोकारवाला सबैमा यो सूचना प्रकाशन गरिएको छ । सम्झौता नगरी भाडामा लिने दिने गरेको पाईएमा वा यस सम्बन्धमा कुनै समस्या आई परेमा सम्बन्धीत व्यक्ति नै जिम्मेवार हुने व्यहोरा सम्बन्धीत सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिन्छ ।

**हेटौंडा उपमहानगरपालिका**
**२ नं. वडा कार्यालय**
**हेटौंडा, मकवानपुर**




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना